आज मिति २०७६ साल भाद्र महिनाको १३ गते सोमबार का दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिका निम्न विषयमा नगर कार्यपालिकाको सातौं बैठक बसी तपसिल बमोजिम को उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

# उपस्थिति :-

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप- प्रमुख | | श्री पद्मा गुरुङ |
| ३, | प्र. प्र. अधिकृत | | श्री रमनाथ कडेल |
| ४, | वडा अध्यक्ष | (वडा नं. १) | श्री दुर्गा बहादुर बुढाथोकी |
| ५, | —"— | (२) | श्री मदन बहादुर राना |
| ६, | —"— | (३) | श्री चित्र बहादुर दर्नाई |
| ७, | —"— | (४) | श्री राम बहादुर गुरुङ |
| ८, | —"— | (५) | श्री इन्द्र बहादुर गुरुङ |
| ९, | —"— | (६) | श्री प्रकाश थापा |
| १०, | —"— | (७) | श्री लक्षिराम बस्नेत |
| ११, | —"— | (८) | श्री पवित्रा थापा राना |
| १२, | —"— | (९) | श्री खुशिअङ गुरुङ |
| १३, | —"— | (१०) | श्री गंगा बहादुर थापा |
| १४, | —"— | (११) | श्री शिब प्रसाद जोशी |
| १५, | कार्यपालिका सदस्य | | श्री हिरा लाल विश्वकर्मा |
| १६, | —"— | | श्री श्रीनाथ दुलाल |
| १७, | —"— | | श्री कल्पना थापा बोहरा |
| १८, | —"— | | श्री बिमला न्यौपाने अधिकारी |
| १९, | —"— | | श्री सुक माया गुरुङ |
| २०, | —"— | | श्री सुक माया घर्ती |
| २१, | —"— | | श्री मानिता परियार |

सहजकर्ता कर्मचारी :-

| | | |
|---|---|---|
| २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २३, | ना. सु. (सहायकस्तर पाँचौं) | श्री गोबिन्द बहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

## बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

***नगर कार्यपालिकाको मिति २०७९ भदौं १३ गतेको बैठकका प्रस्तावहरु***

- अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
- लागत साझेदारीतर्फका कार्यक्रमहरुको सम्बन्धमा ।
    - लागत साझेदारीमा सडक कालोपत्रे (नपा ६०%, उपभोक्ता : ४०%)  नपा बजेट ७५ लाख
    - लागत साझेदारीमा सामुदायिक भवन निर्माण (नपा ५०%, उपभोक्ता : ५०%) ३५ लाख
    - लागत साझेदारीमा दलित समुदाय लक्षित सामुदायिक भवन निर्माण ( नपा ७०%, उपभोक्ता ३०%) १५ लाख
- सडक मर्मत सम्भार सम्बन्धमा ।
- लघु उद्यम विकास कार्यक्रमको सम्बन्धमा (सशर्त र नगरपालिकातर्फ)
- न्यायिक समितितर्फको कार्यक्रम सम्बन्धमा ।
- ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा
- चालु आ.व.मा सञ्चालन गरिने योजनाको सम्बन्धमा
- कृषि एम्बुलेन्स खरिद सम्बन्धमा
- निर्माण सामाग्री खरिद सम्बन्धमा
    - जस्तापाता
    - तारजाली
    - खानेपानी पाइप
    - सिंचाई पाइप
- युवालक्षित सीपमूलक कार्यक्रमको सम्बन्धमा ।
- घरपरिवार सम्पन्नता स्तरीकरण सम्बन्धमा ।
- गाइखुरे झरना क्षेत्रको कार्यशर्त सम्बन्धमा ।
- नगर शिक्षा समितिमा मनोनयन गर्ने सम्बन्धमा
- शिक्षक व्यवस्थापन सम्बन्धमा ।
- रकम माग गर्ने सम्बन्धमा ।
- नीजि आवास पुनर्निर्माणका लाभग्राही सिफारिश सम्बन्धमा ।
- सार्वजनिक जग्गाको लगत तथा संरक्षण सम्बन्धमा ।
- करार सेवाका कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा ।
- कृषि स्नातक प्राविधिक सेवा करार सम्बन्धमा ।
- घर अभिलेखीकरणको निरन्तरता सम्बन्धमा ।
- विविध
    - सडक हेरालुहरुको सम्बन्धमा ।
    - आभार व्यक्त गर्ने सम्बन्धमा ।
    - शोक प्रस्ताव सम्बन्धमा ।
    - भ्रमणको लागि निमन्त्रणा गर्ने सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।**

मिति २०७९ साउन ५ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे बैठकमा समीक्षा गरियो।

**निर्णय नं. २ : लागत साझेदारीतर्फका कार्यक्रमहरुको सम्बन्धमा।**

नगरसभाको एघारौं अधिवेशनबाट चालु आ.व. २०७९।८० मा लागत साझेदारीतर्फका देहायका कार्यक्रमहरु कार्यन्वयन गर्ने सन्दर्भमा ३० दिनको म्याद दिई स्थानीय उपभोक्ताहरुबाट प्रस्ताव माग गर्ने र यसका लागि लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**देहाय :**

(क) नगरपालिकाको ६०% र स्थानीय उपभोक्ताको ४०% लागत साझेदारीमा सडक कालोपत्रे तथा ढलान (नगरपालिकाबाट विनियोजित रकम रु. ७५ लाख)

(ख) नगरपालिका र स्थानीय उपभोक्ताको ५०/५० प्रतिशत लागत साझेदारीमा सामुदायिक भवन निर्माण तथा स्तरोन्नति (नगरपालिकाबाट विनियोजित रकम रु. ३५ लाख/नगरपालिकाको प्रति भवन अधिकतम् सीमा रु ५ लाख )

(ग) नगरपालिकाको ७० प्रतिशत र र स्थानीय उपभोक्ताको ३० प्रतिशत लागत साझेदारीमा दलित समुदाय लक्षित सामुदायिक भवन निर्माण तथा स्तरोन्नति (नगरपालिकाबाट विनियोजित रकम रु. १५ लाख/नगरपालिकाको प्रति भवन अधिकतम् सीमा रु ५ लाख )

**निर्णय नं ३ : सडक मर्मत सम्भार सम्बन्धमा।**

बर्षात्को समयमा बिग्रे भत्केका सडकहरुको मर्मत सम्भारको लागि मर्मत सम्भार कोष शिर्षकमा विनियोजित बजेट रु ८० लाख देहाय अनुसार बाँडफाँड गरी देहायको प्रक्रिया वमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

(क) कालोपत्रे गरिएका सडकहरुको मर्मत सम्भार ( वडा नं ७,८ र ९ स्थित बेसीशहर बजार क्षेत्र) रु. ५० लाख

कार्यान्वयन विधि : उपभोक्ता समिति गठन गरी सो समिति मार्फत।

(ख) ग्रामीण सडक मर्मत सम्भार ( सवै वडाहरुमा) रु ३० लाख

कार्यान्वयन विधि : बजेट सीमा भित्र रही सम्वन्धित प्राविधिकबाट इष्टिमेट तयार गरी काममा प्रयोग गर्ने एक्साभेटर/जेसिबी बारे नगरपालिकाबाट सहमति लिएर मेसिन प्रयोग गरी वडास्तरबाट आवश्यक मर्मत सुधार गर्ने साथै भएको कामको प्राविधिक मूल्यांकन तथा कार्यघण्टाको आधारमा जेसिवी सञ्चालकलाई भुक्तानी दिने।

(ग) कालोपत्रे गरिएका सडकहरुको मर्मत सम्भारमा बजेट बाँकी रहन गयो भने उक्त बजेट ग्रामीण सडक मर्मत सम्भारमा खर्च गर्ने।



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल



## निर्णय नं ४ : लघु उद्यम विकास कार्यक्रमको सम्बन्धमा ।

चालु आ.व.२०७९।८० मा संघीय सशर्ततर्फ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको लागि प्राप्त रु. ३० लाख र आन्तरिक श्रोतबाट विनियोजित रकम रु. १० लाख बजेट उद्यम विकास समितिको मिति २०७९।०५।०८ गतेको निर्णय समेतका आधारमा देहाय अनुसार बाँडफाँड गरी देहायका वडाहरुमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**देहाय :**

**(क) सशर्त अनुदानतर्फ**

| क.सं. | कियाकलापहरु | विनियोजित बजेट रु. |
|---|---|---|
| क) | **नयाँ उद्यमी सृजना तर्फको कुल बजेट (कुल लक्ष्य ८० जना) वडा नं ४ र ८** | २३८००००. |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन/वडास्तरीय अभिमुखीकरण समेत | ४७००० |
| २ | उद्यमशिलता विकास तालिम | १५०००० |
| ३ | प्राविधिक सीपमुलक तालिम प्रदान | ४४५००० |
| ४ | उपयुक्त प्रविधि पहुँच तथा हस्तान्तरण | ६५०००० |
| ५ | लघु कर्जामा पहुँच | १२००० |
| ६ | बजारीकरण सेवा | १०००० |
| ७ | **सहजकर्ता परिचालन तथा बैठक/अनुगमन** | १०६६००० |
| ७.१ | उद्यम विकास सहजकर्ता पारिश्रमिक | ८९९२१६ |
| ७.२ | बैठक/अनुगमन/मूल्यांकन | १००००० |
| ७.३ | कार्यालय व्यवस्थापन | ० |
| ७.४ | सहजकर्ता दै भ्र भ/ फिल्ड यातायात/खाना खर्च/सञ्चार | ६६७८४ |
| ८ | भैरहेका उद्यमीहरुको स्तरोन्नती ( पुनर्ताजगि तथा एडभान्स तालिम र प्रविधि) ४० जना वडा नं २ र ६ | ४८०००० |
| ९ | उपयुक्त प्रविधि समुहमा हस्तान्तरण | १४०००० |
| | **सशर्ततर्फको कुल जम्मा** | ३०,००,००० |

**(ख) आन्तरिक श्रोततर्फ**

| क.सं. | कियाकलापहरु | विनियोजित बजेट रु. |
|---|---|---|
| क) | **नयाँ लघु उद्यमी सिर्जना ४० जना (महिलासंग उपमेयर) वडा नं ५** | १०००००० |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन/वडास्तरीय अभिमुखीकरण समेत | १०००० |
| २ | उद्यमशिलता विकास तालिम ८ दिने | ८०००० |
| ३ | प्राविधिक सीपमुलक तालिम प्रदान | २१०००० |
| ४ | उपयुक्त प्रविधि पहुँच तथा हस्तान्तरण | ३००००० |
| ५ | लघु कर्जामा पहुँच | १५००० |
| ६ | बजारीकरण सेवा | १०००० |
| ७ | **उद्यम विकास सहजकर्ता परिचालन तथा बैठक/अनुगमन** | ७५००० |
| ७.१ | उद्यम विकास सहजकर्ता पारिश्रमिक | ० |
| ७.२ | बैठक/अनुगमन/मूल्यांकन | ५०००० |
| ७.३ | कार्यालय व्यवस्थापन | ० |
| ७.४ | सहजकर्ता दै भ्र भ/ फिल्ड यातायात/खाना खर्च/सञ्चार | २५००० |



गुमान सिंह अर्याल
नगर प्रमुख

| | | |
|---|---|---|
| ८ | भैरहेका उद्यमीहरुको स्तरोन्नती ( पुनर्ताजगि तथा एडभान्स तालिम र प्रविधि) वडा नं ३ र १० | ३००००० |
| | **आन्तरिक श्रोततर्फको कुल जम्मा** | १०,००,००० |

**निर्णय नं ५ : न्यायिक समितितर्फको कार्यक्रम सम्बन्धमा ।**

नगरसभाको गत एघारौ अधिवेशनबाट न्यायिक समितितर्फ विनियोजित बजेट रु. ६ लाख देहाय अनुसारका कार्यक्रमहरुको लागि देहाय अनुसार बाँडाफाँड गर्ने निर्णय गरियो ।

**देहाय**

क) न्यायिक समितिको मासिक बैठक भत्ता रु. १,६२,०००

ख) मेलमिलापकर्ताहरुको पुनर्ताजगी तालिम : ७०,०००

ग) न्यायिक समिति अध्ययन अवलोकन भ्रमण : १,२०,०००

घ) जनप्रतिनिधि र न्यायिक समितिको लागि तालिम रु. ७०,०००

ङ) सवै ११ वटै वडाहरुमा मेलमिलाप समिति गठन : १,१०,०००

च) विविध, स्थलगत अनुगमन तथा खाजा, खाना भाडा : ६८,०००

**निर्णय नं ६ : ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।**

गत आ.व. २०७८।७९ मा ठेक्का पट्टाद्वारा कार्यान्वयन गरिएका र विभिन्न कारणले सम्पन्न हुन बाँकी रहेका देहायका योजनाहरुको म्याद २०७९ पौष मसान्तसम्म थप गर्ने साथै उक्त योजनाहरुमा आवश्यक पर्ने रकम अ.ल्या. शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

| योजनाको नाम | निर्माण कम्पनीको नाम |
|---|---|
| क) पुरानोकोटगढी भ्यूटावर तथा शान्ति स्तुपा निर्माण | पराजुली कन्स्ट्रक्सन प्रा.लि. |
| ख)बेसीशहर युनिभर्सलचोक मकैडाँडा सडक स्तरोन्नति | गणेशकुण्ड इन्फास्टक्चर एण्ड विल्डर्स प्रा.लि.विदुर १०, नुवाकोट |
| ग)पुरानोकोट स्वास्थ्य चौकी स्तरोन्नति बेनपा ४, | सिद्धि विनायक निर्माण सेवा बेनपा २, लमजुङ |
| घ) ५ नं वडा कार्यालय भवन निर्माण बेनपा ५ | सिद्धि विनायक निर्माण सेवा बेनपा २, लमजुङ |

**निर्णय नं ७ : चालु आ.व.मा सञ्चालन गरिने योजनाको सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० मा नगरसभाबाट बजेट विनियोजन भएका भौतिक पूर्वाधारजन्य योजनाहरुको कार्यान्वयन विधिको सम्बन्धमा छलफल हुँदा देहाय वमोजिम कार्यान्वयनमा जाने निर्णय गरियो ।

देहाय

क) संघीय तथा प्रदेश समपुरक/सशर्त/विशेष अनुदानतर्फका योजनाहरुको हकमा ठेक्कापट्टा प्रक्रियाद्वारा कार्यान्वयन गर्ने ।

ख) १ करोड भन्दा कम लागतका नगरपालिकातर्फका (संघीय र प्रदेश समानीकरण, आन्तरिक श्रोत, संघीय र प्रदेश राजश्व लगायत) योजनाहरुको हकमा उपभोक्ता समिति वा ठेक्का पट्टा दुवै प्रक्रियाद्वारा कार्यान्वयन गर्न सकिने ।



गुमान सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं ८ : कृषि एम्बुलेन्स खरिद सम्बन्धमा ।**

चालु आ.व.को कृषि क्षेत्र अन्तर्गत कृषि एम्बुलेन्स व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट कृषि एम्बुलेन्स खरिद गर्ने र सो को लागि खरिद प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ९ : निर्माण सामाग्री खरिद सम्बन्धमा ।**

चालु आ.व.२०७९।८० मा देहायका कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट देहाय वमोजिमका सामाग्री प्रक्रिया वमोजिम खरिद गरी आवश्यकता र प्राथमिकताका आधारमा समुदाय तथा समुदायका घरपरिवारहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

**देहाय**

| क्र.सं | कार्यक्रमको नाम | जम्मा विनियोजित बजेट रु. | खरिद गर्ने मालबस्तु | खरिदको लागि हाल विनियोजित बजेट रु. |
|---|---|---|---|---|
| १ | विपन्न नागरिक आवास सहयोग कार्यक्रम | ९००००० | जस्तापाता | ८,००,००० |
| २. | एक घर एक धारा कार्यक्रम अन्तर्गत खानेपानी पाइप वितरण | ५००००० | खानेपानी पाइप | ५,००,००० |
| ३ | जल उत्पन्न प्रकोप नियन्त्रण (तारजाली खरिद समेत) | १५००००० | ग्याविन जाली | १०,००,००० |
| ४ | सिंचाई पाइप खरिद तथा सिंचाई सम्बन्धी फुटकर योजनाहरु | २२८१००० | सिंचाई पाइप | १०,००,००० |

**निर्णय नं १० : युवालक्षित सीपमूलक कार्यक्रमको सम्बन्धमा ।**

चालु आ.व. मा विनियोजित युवा लक्षित सीपमूलक कार्यक्रमको सम्बन्धमा छलफल हुँदा गत आ.व. मा गर्न बाँकी रहेको हाते ट्याक्टर मर्मत तालिम सञ्चालन गर्ने तथा अन्य सञ्चालन गरिने तालिमको सम्बन्धमा के कस्ता तालिम बढी उपयुक्त हुन्छ सो सम्बन्धमा सवै सदस्यहरुले आ आफ्नो राय दिने र यस सम्बन्धमा आगामी बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ : घरपरिवार सम्पन्नता/विपन्नता स्तरीकरण सम्बन्धमा ।**

नगरपालिकाका विभिन्न सेवा प्रवाहहरुमा प्राथमिकता तथा सहुलियत प्रदान गर्ने कार्यका लागि नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने घरपरिवारहरुको सम्पन्नता/विपन्नता स्तरीकरण गर्न अति आवश्यक भएको हुँदा यसका सूचकहरु तथा स्तरीकरण गर्ने विधि र प्रक्रिया बारे प्रतिवेदन तयार गरी सो कार्य सम्पन्न गर्नको लागि देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

क) संयोजक-श्री मदन राना, वडाध्यक्ष, बेनपा २

ख) सदस्य - श्री विमला न्यौपाने अधिकारी, कार्यपालिका सदस्य बेनपा १

ग) सदस्य सचिव - श्री मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत, नगरपालिकाको कार्यालय



गुमान सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं १२ : गाइखुरे झरना क्षेत्रको कार्यशर्त सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको सार्वजनिक नीजि साझेदारी नीति २०७६ अनुरुप नीजि क्षेत्र समेतको सहभागितामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बेसीशहर नगरपालिका वडा नं १ स्थित गाईखुरे झरना क्षेत्रमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) वमोजिम पर्यटकीय पूर्वाधार निर्माण गरी पर्यटकीय गतिविधि सञ्चालन गर्नको लागि प्रक्रिया वमोजिम छनौट भएको संस्था बोटे बोरा प्रा.लि. काठमाण्डौ संग सम्झौताका शर्तहरु तयार गर्ने कार्यका लागि देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

क) संयोजक-श्री पद्मा गुरुङ नगर उपप्रमुख बेसीशहर नगरपालिका

ख) सदस्य - श्री दुर्गा बहादुर बुढाथोकी वडाध्यक्ष, वेनपा १

ग) सदस्य- श्री मदन राना, वडाध्यक्ष, बेनपा २

घ) सदस्य- श्री मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत नगरपालिकाको कार्यालय

ङ) सदस्य सचिव - श्री विशाल ढकाल, इन्जिनियर, नगरपालिकाको कार्यालय

**निर्णय नं १३ : नगर शिक्षा समितिमा मनोनयन गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको नगर शिक्षा नियमावली २०७४ को नियम २४ उपनियम १ (ग) मा व्यवस्था भए वमोजिम कार्यपालिका सदस्यहरुमध्येबाट तपसिलका व्यक्तिहरुलाई बेसीशहर नगरपालिका नगर शिक्षा समितिमा मनोनयन गर्ने निर्णय गरियो ।

**तपसिल**

क) नगर कार्यपालिका सदस्य (खुलातर्फ) श्री मदन राना

ख) नगर कार्यपालिका सदस्य (महिलातर्फ) श्री कल्पना थापा वोहरा

ग) नगर कार्यपालिका सदस्य (दलिततर्फ) श्री हिरालाल विश्वकर्मा

**निर्णय नं १४ : शिक्षक व्यवस्थापन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्रका तपसिल वमोजिमका विद्यालयहरुमा १/१ जना नीजि श्रोतबाट शिक्षक नियुक्ति गरी कामकाज गराउँदै आएकोमा उक्त शिक्षकहरुलाई नै २०७९ साउनको विद्यालय खुलेको दिनदेखि लागु हुने गरी बढीमा ३ महिनाको लागि मासिक रु. १५ हजारका दरले पारिश्रमिक पाउने गरी कामकाजमा लगाउने साथै उक्त रकम अ.ल्या शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

देहाय

१.श्री चन्द्रज्योती आधारभूत विद्यालय, वेनपा ९, विम्दाबेसी

२.श्री भविष्य निर्माण प्रा.वि, वेनपा १०, पाङ्ग्रेक्यू

३.श्री जनजागृति मा.वि., बेनपा १०, खासुरबेसी

४.श्री हिमज्योती प्रा.वि. बेनपा १०, गाउँभाचोक

५.श्री बृद्धि विकास प्रा.वि., बेनपा १०, साँधु

६.श्री बालरत्न प्रा.वि., बेनपा ११, बस्नेतगाउँ

७.श्री सेवासदन मा.वि. बेनपा ४, पुरानोकोट

८.श्री नारायण प्रा.वि. बेनपा १०, बेसीभाचोक

**निर्णय नं १५ : रकम माग गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकामा संघीय मन्त्रालयहरुको सहयोग र सहकार्यमा विगत आ.व देखि कार्यान्यन गरिएका योजनाहरु गत अ.व. मा सम्पन्न हुन नसकी चालु आवमा म्याद थप गरी निर्माण कम्पनीहरुलाई काममा

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३



लगाइएको हुँदा उक्त योजनाहरुमा आवश्यक बजेट उपलब्ध गराउने व्यवस्थाको लागि संघीय सरकारका विभिन्न निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १६ : नीजि आवास पुनर्निर्माणका लाभग्राही सिफारिश सम्बन्धमा ।**

मनसुनजन्य विपद् प्रभावित नीजि आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ वमोजिम पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण लगत संकलनको लागि खटाइएका प्राविधिक कर्मचारीहरुले स्थलगत रुपमा खटिई संकलन गरिएको देहाय वमोजिमको लाभग्राहीहरुको विवरण अनुमोदन गरी जिल्ला प्रशासन कार्यालय लमजुङमा सिफारिश गर्ने निर्णय गरियो ।

**देहाय**

१.मैया सार्की बेनपा ८
२.ठकुरी कामी, बेनपा ५
३.कृष्णमान श्रेष्ठ, बेनपा ११
४.शिवलाल पाण्डे, बेनपा ११
५.शंसेर बहादुर राउत, बेनपा १०
६.अर्जुन पाण्डे, बेनपा ११
७.युवराज रिमाल, बेनपा ६
८.देउ बहादुर तामाङ, बेनपा ११
९.गोरे तामाङ, बेनपा ११
१०.कालु तामाङ, बेनपा ११
११.खुस बहादुर गुरुङ, बेनपा ११

**निर्णय नं १७ :सार्वजनिक जग्गाको लगत तथा संरक्षण सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम पालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुको लगत राख्ने तथा संरक्षण गर्ने दायित्व स्थानीय तहको भए वमोजिम यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको लगत लिने तथा संरक्षण गर्नको लागि यस अघि समिति गठन भएको तर काम अघि नबढेको तथा नयाँ निर्वाचित जनप्रतिनिधि आएको सन्दर्भमा वडातहमा देहाय वमोजिमको समिति गठन गरी उक्त जिम्मेवारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**देहाय**

१. सम्वन्धित वडाको वडाध्यक्ष- संयोजक
२. सम्बन्धित वडाको वडा सदस्य- सदस्य
३. सम्बन्धित वडाको प्राविधिक-सदस्य
४. नगरपालिकाको अमिन- सदस्य
५. सम्बन्धित वडाको वडा सचिव- सदस्य सचिव

**निर्णय नं १८ : करार सेवाका कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा ।**

बेसीशहर नगरपालिका सो अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार सेवाका कर्मचारीहरुको पारिश्रमिकका सम्बन्धमा २०७९ साउनबाट लागु हुने गरी देहाय वमोजिम गर्ने निर्णय गरियो ।

**देहाय :**

क)वडा कार्यालयहरुमा कार्यरत कम्प्युटर अपरेटर तथा कार्यालय सहायकहरुको मासिक तलब स्केल रु.२५ हजार कायम गर्ने ।

ख)गरीवसंग विश्वेश्वर कार्यक्रमतर्फका वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको लागि मासिक रु १० हजार प्रोत्साहन भत्ता स्वरुप थप गर्ने ।

ग)वडा कार्यालय र नगरपालिकामा कार्यरत कार्यालय सहयोगीहरुको तलब स्केल रु.२४७०२।- कायम गर्ने । नगर प्रहरीतर्फ असइको रु. २८५२०।-, हवल्दारको रु.२६५५४।- तथा प्रहरी जवानहरुको तलबस्केल रु.२४७०२।-, कायम गर्ने ।



गुमान सिंह अर्याल
नगर प्रमुख

अगिन नियन्त्रकहरुको तबलस्केल रु. २४७०२।- कायम गर्ने ।
जेसिबी अपरेटरको हकमा मासिक रु. २८ हजार कायम गर्ने ।
प्रेस सल्लाहकारको पारिश्रमिक मासिक रु. २५ हजार कायम गर्ने ।
नेपाल सरकारले निर्धारण गरेको स्केलको बराबर खाइपाइ आएका कर्मचारीहरुको हकमा नेपाल सरकारले निर्धारण गरेकै तलबमान वमोजिम गर्ने ।
स्वास्थ्य संस्थाका कार्यालय सहयोगीहरु र सरसफाइकर्ताहरुको हकमा साविकको पारिश्रमिककमा १५% बृद्धि गर्ने ।

**निर्णय नं १९ : कृषि स्नातक प्राविधिक सेवा करार सम्बन्धमा ।**
चालु आवको सशर्त अनुदानतर्फ कृषि स्नातक करार तथा एक पालिका एक भेटेरिनरी डाक्टर शिर्षकमा बजेट प्राप्त भएको तथा नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट जारी भएको स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ वमोजिम कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयनको लागि कृषि तथा पशु विज्ञानमा स्नातक गरेका एक /एक जना कृषि स्नातक प्राविधिक/पशु चिकित्सक करारमा राख्ने निर्णय गरियो ।

**निर्णय नं २० : घर अभिलेखीकरणको निरन्तरता सम्बन्धमा ।**
बेसीशहर नगरपालिकाबाट साविकामा हुँदै आएको घर अभिलेखीकरणको कार्यलाई चालु आर्थिक बर्षमा समेत निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं २१ : आभार व्यक्त गर्ने सम्बन्धमा ।**
बेसीशहर नगरपालिका भित्र रहेका १२ वटा स्वास्थ्य चौकीहरुको लागि १२ वटा र मानव सेवा आश्रमको लागि समेत २ वटा गरी जम्मा १४ वटा अक्सिजन कन्सन्ट्रेटर उपलब्ध गराउने संस्था एनआरएनए तथा सो संस्थाका श्री गौरीराज जोशीज्यू तथा यस कार्यको लागि आवश्यक समन्वय गर्ने वडाध्यक्ष श्री शिव जोशीज्यू प्रति आभार व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं २२ : सडक हेरालुहरुको सम्बन्धमा ।**
बर्षातको समयमा सडकको भलपानी तर्काउन तथा खाल्डाखुल्डी पुर्नको लागि राखिएका सडक हेरालुहरुलाई यही २०७९भदौ मसान्तसम्म मात्र काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं २३ : शोक प्रस्ताव सम्बन्धमा ।**
यस बेसीशहर नगरकार्यपालिका सदस्य श्री मनिता परियारको ससुराबुबा श्री देउ बहादुर परियारको मिति २०७९ भदौ ७ गतेका दिन असामयिक निधन भएको हुँदा वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं २४ : भ्रमणको लागि लागि निमन्त्रणा गर्ने सम्बन्धमा ।**
नगरप्रमुख २०७९ साउनको दोश्रो र तेश्रो हप्ता नीजि भ्रमणको सिलसिलामा क्यानडा जानु भएको र सो अवसरमा क्यानडा स्थित Bramton नगरपालिकाका मेयर Patrik Brown, Shelburne नगरपालिकाका मेयर Wade Mills र Walkerton नगरपालिकाका मेयर Mr.Chrispeabody संग नगरप्रमुखको महत्वपूर्ण



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०५/१३ गतेको बैठक

भेटघाट भएको हुँदा आपसी मित्रता बढाउने सन्दर्भमा उक्त तीन वटै नगरका मेयरहरु र Shelburne का उपमेयर Steve Anderson एवम् Rotary Cub का District गभर्नर Don moore लाई बेसीशहर नगरपालिका भ्रमण को लागि निमन्त्रणा गर्ने निर्णय गरियो।

गुमान सिंह अर्याल
नगर प्रमुख